बागमती प्रदेश सरकार
कृषी, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय धादिङ

प.सं. २०८३।०८४
च.नं.

फोन नं. ०१०–५२०१२५

## वन पैदावार (काठ र दाउरा) लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना ।
## प्रकाशित मिति २०८३/०६/२६

यस डिभिजन वन कार्यालय धादिङ सँग जोखिममा रहेका रुखहरु हटाउन अनुरोध भई आएका र मुद्दामा वरामद भई डिभिजन वन कार्यालयको कम्पाउन्डमा घाटगद्दी भएका तपसिल बमोजिमका वन पैदावार काठ, दाउराहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ।वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं. (PAN) मा दर्ता भई डिभिजन वन कार्यालयमा सूचिकृत भएका ईच्छुक फर्म, स:मिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिल

१.

| लट नं. | जात | थान | ग्रेड | परिमाण (क्यु.फि.) | न्यूनतम मूल्य रू. | संकलन खर्च | घाटगद्दीस्थल |
|---|---|---|---|---|---|---|---|
| १/०८३/०८४ | साल | ३ | A | ३०.७३ | १,११,६५१.५।- | नियमानुसार | गल्छी-७ सिम बजार, धादिङ |
| | साल | ३ | B | १८.७१ | | | |
| | साल | २६ | C | ७२.४१ | | | |
| | बोटधयरो | १ | - | ३.३१ | | | |
| | फलिट | ५ | - | १८.०७ | | | |
| | अमारो | ७ | - | २८.१६ | | | |
| | दाउरा चट्टा (३३३.३३ क्यू.फी.) | - | - | १ चट्टा | | | |
| | लट १ को जम्मा | ४५ | | १७१.३९ | | | |
| २/०८३/०८४ | जंङ्गली सिसौ | ६ | A | ४९.१ | १,१७,४३५।- | | डिभिजन वन कार्यालय, धादिङ |
| | जंङ्गली सिसौ | ४ | B | १९.१ | | | |
| | जंङ्गली सिसौ | १४ | C | ४२.७ | | | |
| | जंङ्गली सिसौ | २४ | D | ३२.४ | | | |
| | लट २ को जम्मा | ४८ | | १४३.३ | | | |

२. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समयः २०८३।०७।१५ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन ।

३. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समयः २०८२।०७।१६ गते मध्यान्ह १२;०० बजे सम्म । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन ।

रोशना पोखरेल
डिभिजनल वन अधिकृत

बागमती प्रदेश सरकार
कृषी, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय धादिङ

प.सं. २०८३।०८४
च.नं.

फोन नं. ०१०-५२०१२५

४. रित पूर्वक पर्न आएका बोलपत्रहरु सूचनामा तोकिएको मितिमा बोलपत्रदाताहरू समेतको रोहवरमा खोलिने छ तर बोलपत्रदाता उपस्थित नभएकै कारणबाट बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

५. बोलपत्र फारमको लागि रू एक लाख भन्दा कमको लागि प्रति लट रू ३०० र रु एकलाख देखि दश लाखसम्म न्यूनतम मूल्यको लटका लागि रु १०००।- (पछि फिर्ता नहुने) कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश इकाई कार्यालय धादिङको नाममा राष्ट्रिय वाणिज्य वैंक धादिङ शाखामा रहेको **राजस्व शिर्षक नं. १४२२९ खाता नं. १०००१००२०००१०००० कार्यालय कोड नं. ३१२१२३००१३** मा जम्मा गरेको सक्कलै भौचर संलग्न राखी यस कार्यालयबाट खरिद गर्न सकिने छ । बोलपत्र खरिद गर्नका लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मन्जुरिनामा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. बोलपत्र साथ कवुल गरेको रकमको १०% ले हुन आउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश इकाई कार्यालय धादिङको नाममा राष्ट्रिय वाणिज्य वैंक धादिङ शाखामा रहेको एकल धरौटी खाता हिसाब नं. १०३०१००२०२०३०००० **(कार्यालय कोड नं. ३१२१२३००१३)** मा जम्मा गरेको सक्कलै भौचर वा छ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनु पर्नेछ ।

७. लिलाम वढावढ हुने वन पैदावार कार्यालय खुलेको समयमा डिभिजन वन कार्यालय धादिङको कार्यालयमा सम्पर्क गरी घाटगद्दी स्थलमा हेर्न सकिने छ ।

८. लिलाममा भाग लिनका लागि वन पैदावार कारोबार गर्ने उद्देश्यले दर्ता भएका ईच्छुक संघ संस्था, फर्म वा कम्पनीले उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१०. रितपूर्वक दर्ता भएका बोलपत्रहरु सरकारी कार्यालयमा प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

११. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्लाबेग्लै खरिद गर्नु पर्नेछ र बेग्ला बेग्लै दाखिला गर्नु पर्नेछ । **खाम बाहिर प्रष्ट रूपमा लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।**

१२. लिलाम स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा प्रकाशित गरिने छ । सो को जानकारी लिनु पर्ने दायित्व बोलपत्रदाताको हुनेछ । **बोलपत्र स्वकृित भएको सूचना प्रकाशित भएको मितिले ४५ दिन भित्र** सकार गरेको रकम, निर्धारित मू.अ.कर , अग्रिम आयकर तथा संकलन खर्च समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्रमा उठाई जानु पर्नेछ ।

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अन्तिम निर्णय डिभिजन वन कार्यालय धादिङको हुनेछ । अन्य बिषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१४. वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ र वन नियमावली २०७९ मा उल्लेखित व्यवस्था पूर्ण रुपमा लागू हुनेछ ।

१५. सकारकर्तालें रकम दाखिला गरेपछि कार्यालयबाट लिलाम गरेको काठ बिमार्का गरी **२१ दिन सम्मको म्याद दिई छोडपूर्जी दिन सकिने छ ।**

१६. सूचना बमोजिम बोलपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्बन्धमा उठाइने कुनै विवाद स्वतः अमान्य हुनेछ ।

२०८३।०८।२८
रोशना पोखरेल
डिभिजनल वन अधिकृत